# गैरभन्सार अवरोधले घाटा बढायो

**कान्तिपुर संवाददाता**

काठमाडौं- प्रतिस्पर्धात्मक उत्पादन क्षमताको ह्रास मात्र नभई गैरभन्सार अवरोधले पनि व्यापार घाटा बढाउन सहयोग गरेको छ। मंगलबार राजधानीमा आयोजित एक कार्यक्रमका वक्ताहरूले विशेषगरी कृषिजन्य उत्पादनमा लाग्दै आएको गैरभन्सार अवरोधले निर्यात निरुत्साहित गरेको बताए।

वाणिज्य सचिव लालमणि जोशीले मुख्य व्यापारिक साझेदार भारतमा गैरभन्सार अवरोधले निर्यात प्रभावित भइरहेको बताए।

दक्षिण एसियाली क्षेत्रमा व्यापारका अवरोध न्यूनीकरण विषयक कार्यक्रममा विश्व बैंकका दक्षिण एसिया क्षेत्रीय प्रमुख डेभिड गोल्डले सीमित द्विपक्षीय सम्झौता, एक मात्र पारवाहन करिडोर तथा कन्टेनर कार्गो रेल अभावले व्यापार चुनौतीपूर्ण रहेको बताए। 'एक अर्काको देशमा तथ्यांक साटासाट गर्ने व्यवस्था छैन,' उनले भने, 'सिमानामा भ्रष्टाचार तथा अनौपचारिक भुक्तानी छ। गोदाम र पार्किङको सुविधाको अभाव छ।'

उद्योग वाणिज्य महासंघका शंकर पाण्डेले आयात निर्यातको मुख्य बजार भारत भए पनि गैरभन्सार अवरोधका कारण समस्या भइरहेको बताए। विश्वम्भर प्याकुर्यालले भारत अटो केन्द्रका रूपमा स्थापित भएजस्तै नेपाललाई जलविद्युत् केन्द्र बनाउन सकिने बताए।

आयोजकमध्येको एक संस्था साउथ एसिया वाच अन ट्रेड एन्ड इकोनोमिक्स (साउती) का अध्यक्ष पोषराज पाण्डेले दक्षिण एसियामा बढ्दो व्यापार घाटा चिन्ताको विषय बनेको बताए।